

दाङको घोराही उपमहानगरपालिका- १८ स्थित नवलपुरमा कपिलवस्तुको बहादुरगन्जका स्थानीय किसानले बिक्रीका लागि राखेको भैंसी। तस्बिर : रासस

# 'विद्यालय शिक्षा विधेयकमा कांग्रेस बाधक बन्यो'

रुबी रौनियार

*काठमाडौं, असार १७*

सरकारले विद्यालय शिक्षा व्यवस्थापनका लागि ५४ वर्षपछि ल्याउन लागेको विद्यालय शिक्षा विधेयकमा प्रमुख सत्ता साझेदार नेपाली कांग्रेस बाधक बन्न पुगेको छ। असार १६ मा प्रतिनिधिसभाको छलफलमा विधेयकका सबै विषयमा टुंगो लागेर हस्ताक्षर गर्ने समयमा कांग्रेस बाधक बनेको बताइएको छ।

प्रतिनिधिसभाका सांसद एवं पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले असार १६ मा सभामा छलफल भएर टुंगो लागिसकेको अवस्थामा हस्ताक्षर गर्ने अन्तिम समयमा कांग्रेसका मुख्य सचेतक 'श्याम घिमिरे' विधेयक पारितमा बाधक बनेको आरोप लगाए। विद्यालय शिक्षामा नयाँ पुस्ता प्रवेश गर्ने ढोका नै बन्द गर्न कांग्रेस लागिपरेको पूर्वशिक्षामन्त्री पौडेलको ठहर छ। 'सोमबारै लामो समयसम्म बैठक बसेर छलफल गरी हामी सबै सम्मिलित शिक्षा उपसमितिले सहमति जुटाएर निर्णय गरेको ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुला प्रतिस्पर्धाबाटै अस्थायी प्रकृतिका शिक्षकलाई स्थायी गर्नेबारे सहमति जुटिसकेको थियो', पूर्वशिक्षामन्त्री पौडेलले नागरिकसँग भने, 'तर अन्तिम समयमा आएर नेपाली कांग्रेसका मुख्य सचेतक श्याम घिमिरेज्यूले आज हस्ताक्षर नगरौं, पछि गर्ने भन्नुभयो। यसमा शिक्षामन्त्रीले पनि मान्नुभयो र बैठक अनिश्चितकालका लागि स्थगित गरेर हिँड्नुभयो। यसरी कांग्रेस विधेयकमा बाधक बन्यो। समग्र शिक्षा क्षेत्रलाई बन्धक बनाउनु अपराध हो।'

पूर्व शिक्षामन्त्री देवेन्द्र पौडेलकै पालामा अस्थायी प्रकृतिका राहत, अनुदान, करार, साविकका उमावि, प्राविधिक शिक्षा, विशेष शिक्षालगायतका सबै शिक्षकको स्थायित्व सवालमा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत खुला प्रतिस्पर्धाको व्यवस्था मूल विधेयकमा गरिएको थियो। पछि संसदीय दलको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिअन्तर्गतको शिक्षा उपसमितिका संयोजक छविलाल विश्वकर्माको संयोजकत्वमा सरोकारवालासँग छलफल गरी ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुला प्रतिस्पर्धामा सहमति जुटेर निर्णय भएको थियो। जब समितिले संसदमा असार १५ गते प्रस्तुत गर्ने विषय आयो अनि नेपाल शिक्षक महासंघले एमाले र कांग्रेसका सांसदलाई दबाब दिएर ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुला प्रतिस्पर्धा हुनुपर्ने अडान राखे। भनसुन र राजनीतिक जोडबलका आधारमा विद्यालयमा अस्थायी प्रकृतिका नियुक्ति पाएका शिक्षकलाई स्वतः स्थायी बनाउनुजस्तो मूर्खता अरू नहुने भन्दै अन्य सांसदले आपत्ति जनाएका छन्। 'सबै आन्तरिकबाटै स्थायी गरेपछि नयाँ पुस्ताको विद्यालय प्रवेशको ढोका नै बन्द हुन्छ', पौडेलले भने, 'कांग्रेसबाहेक सबै दलका सांसद युवा पुस्तालाई विद्यालय शिक्षा प्रवेशका लागि पनि ६०/४० मै सहमति हुनुभएको हो।'



पूर्व शिक्षामन्त्री देवेन्द्र पौडेलकै पालामा अस्थायी प्रकृतिका राहत, अनुदान, करार, साविकका उमावि, प्राविधिक शिक्षा, विशेष शिक्षालगायतका सबै शिक्षकको स्थायित्व सवालमा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत खुला प्रतिस्पर्धाको व्यवस्था मूल विधेयकमा गरिएको थियो।

कांग्रेस खुलेरै राजनीतिक नियुक्ति पाएका अस्थायी प्रकृतिका शिक्षकलाई स्वतः स्थायी गरिनुपर्ने पक्षमा उत्रिएपछि विधेयक पारित गर्ने कार्यसूची नै रोकेर अनिश्चितकालका लागि बैठक स्थगित गर्नु शिक्षाको हितमा नरहेको उनले स्पष्ट पारे।

कांग्रेसका मुख्य सचेतक श्याम घिमिरेले भने अहिले शिक्षक महासंघलाई बाइपास गरेर विधेयक पारित गर्दा पुनः आन्दोलनको सम्भावना रहेकाले यसतर्फ सचेत भएको बताए। 'सबै विषयवस्तुमा कुरा मिलिसकेकै छ। अब रह्यो शिक्षकको माग ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुला र अर्कातिर समितिले निर्णय गरेको ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुलाको बिचको बाटो तय गर्ने सवाल कांग्रेसको हो', प्रमुख सचेतक घिमिरेले नागरिकसँग कुरा गर्दै भने, 'हामीले पनि शिक्षालाई निकास दिन खोजेकै हौं। यसैकारण फेरि पनि आन्दोलन नहोस् भन्ने चाहना हो।' उनले जोड दिए, 'विधेयकलाई कानुन बनाउने क्रममा विशेषगरी शिक्षक महासंघको आवधिक बढुवा र आन्तरिक/ बाह्य प्रतिस्पर्धाको कुरा मिलेको छैन। यसकारण विधेयक पारित हुन समय लाग्न सक्छ। सबैलाई मिलाएर बिचको निकास दिन कांग्रेस चाहन्छ।'

नेपाल शिक्षक महासंघका महासचिव तुला थापाले नेपाल शिक्षक महासंघसँग विगतमा भएको सहमतिअनुसार ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुला प्रतिस्पर्धालाई समेटेर विद्यालय शिक्षा विधेयक नल्याए महासंघ कडा आन्दोलनमा उत्रने चेतावनी दिएका छन्।

# सशस्त्रमा तीन वर्षमा १४ हजारको बढुवा

नागरिक संवाददाता

*काठमाडौं, असार १७*

सशस्त्र प्रहरी बलमा असारभित्रै प्रहरी नायब महानिरीक्षकदेखि (डिआइजी) नायब उपरीक्षक (डिएसपी) सम्मको बढुवा प्रक्रिया अघि बढिरहेको छ। असारभित्रै डिएसपी, एसपी, एसएसपी र डिआइजीको बढुवाका लागि सूचना निकाल्ने तयारी भइरहेको छ।

साउन लागेपछि तत्कालै बढुवा प्रक्रिया सुरु गर्न नमिल्ने भएकाले असारभित्रै डिएसपी, एसपी, एसएसपी र डिआइजीको बढुवाका लागि सूचना निकाल्ने तयारी भइरहेको उच्च स्रोतको दाबी छ। यसका लागि केही दिनको 'ग्याप' राखेर सूचना निकाल्ने तयारी भइरहेको छ। असारभित्रै डिएसपी, एसपी, एसएसपी र डिआइजीको बढुवाका लागि सूचना निकाल्ने तयारी भइरहेको उच्च स्रोतको दाबी छ। यसका लागि केही दिनको 'ग्याप' राखेर सूचना निकाल्ने तयारी भइरहेको छ। डिएसपी र एसपीको बढुवा सशस्त्र मुख्यालय र एसएसपी र डिआइजीको बढुवा गृह मन्त्रालयबाट हुने भएकाले प्रहरी महानिरीक्षक राजु अर्यालले तालुकदार मन्त्रालयको सहमति लिइरहेका छन्।

साउन लागेपछि तत्कालै बढुवा प्रक्रिया सुरु गर्न नमिल्ने भएकाले असारभित्रै डिएसपी, एसपी, एसएसपी र डिआइजीको बढुवाका लागि सूचना निकाल्ने तयारी भइरहेको उच्च स्रोतको दाबी छ।

साउन लागेपछि पनि बढुवा गर्ने गरी असारभित्रै सूचना निकालेर बढुवा प्रक्रिया अघि बढाउन लागिएको हो। हाल सशस्त्र प्रहरीमा एक डिआइजीको एक पद रिक्त छ। माथिल्लो पदको बढुवा गर्दै जाँदा एसपीमा २२ पद रिक्त हुने छ। यसपटक एसपीमा सिसं ३, साढे ३ र सिसं ४ को सशस्त्र प्रहरी निरीक्षक बेसिकको टोली बढुवामा पर्नेछ। सशस्त्र प्रहरी मुख्यालयले करिब एक महिनाको बिचमा सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षकदेखि सशस्त्र प्रहरी सहायक हबल्दारसम्म दुई हजार एक सय ९६ जनाको बढुवा गरिसकेको छ।

**तीन–तीन वर्षमा १४ हजार**

बढुवा जाम भएका बेला तीन वर्षमा १४ हजार तीन सय ९० जना बढुवा भइसकेका छन्। महानिरीक्षक अर्यालले संगठन प्रमुख भएदेखि वृत्ति विकासलाई ध्यानमा राखेर बढुवालाई प्राथमिकता दिएका थिए। त्यसक्रममा १४ हजार तीन सय ९० जना बढुवा तथा विशेष बढुवा भएका हुन्। बढुवा हुनेमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकदेखि सशस्त्र प्रहरी सहायक हबल्दारसम्म रहेका छन् भने विशेष बढुवामा सशस्त्र प्रहरी उपरीक्षकदेखि सशस्त्र प्रहरी सहायक हबल्दारसम्म रहेका छन्।

सो अवधिमा सशस्त्र प्रहरी महानिरीक्षक चारजना, नायब महानिरीक्षकमा आठजना, वरिष्ठ उपरीक्षकमा ४५ जना, उपरीक्षकमा एक सय ११ जना, नायब उपरीक्षकमा एक सय ७० जना, निरीक्षकमा दुई सय २७ जनाको बढुवा गरिएको छ। त्यस्तै सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षकमा एक सय सातजना, नायब निरीक्षकमा चार सय ५९ जना, सहायक निरीक्षकमा तीन सय १४ जना, वरिष्ठ हबल्दारमा दुई हजार आठ सय ७४ जना, हबल्दारमा तीन हजार नौ सय ४० जना र सहायक हबल्दार पदमा ६ हजार ६९ जना बढुवा भएका छन्।

विशेष बढुवामा सशस्त्र प्रहरी उपरीक्षक १० जना, नायब उपरीक्षकमा १८ जना, निरीक्षकमा नौजना, सहायक निरीक्षकमा चारजना, वरिष्ठ हबल्दारमा तीनजना, हबल्दारमा एकजना र सहायक हबल्दार पदमा १६ जना रहेका छन्। यही अवधिमा ४० जनालाई अवकाशपूर्व एक तह विशेष बढुवा गरिएको हो। अवकाशपश्चात् सो पद स्वतः खारेज हुनेछ। कर्तव्य पालनाको सिलसिलामा शारीरिक रूपमा अंगभंग भई अशक्त अवस्थामा पाँचजनालाई एक तह बढुवा गरिएको छ भने नेपाल एपिएफ क्लबमा सहभागी भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरमा उत्कृष्ट खेल प्रदर्शन गरेवापत १६ जनालाई एक तह बढुवा गरिएको हो।

## मेवा बिक्रीबाट आम्दानी गर्दै सहकारी

घोराही (दाङ), असार १७ (रासस) - यहाँको एक कृषि सहकारीले मेवाखेतीबाट राम्रो आम्दानी गर्दै आएको छ। घोराही उपमहानगरपालिका- ४ गोम्लीमा रहेको बलिदान कृषि सहकारी संस्थाले मेवाका बिरुवा र फल बिक्री गरेर आम्दानीसँगै आफ्ना सदस्यलाई रोजगारी दिँदै आएको छ।

सहकारीले नौ कठ्ठा जग्गा भाडामा लिएर विगत तीन वर्षदेखि व्यावसायिक रूपमा रेड लेडी जातको मेवाखेती सुरु गरेको थियो। उक्त जग्गाको वार्षिक ३६ हजार भाडा तिर्ने गरिएको सहकारीका व्यवस्थापक स्यानु चौधरीले बताए। सहकारीले हालसम्म मेवाका बिरुवा बिक्रीबाट ५० हजार र पाकेको फल बिक्री गरेर दुई लाख आम्दानी गर्न सफल भएको सहकारीका व्यवस्थापक चौधरीले बताए। मेवा बिक्रीबाट आएको मुनाफालाई सेयर सदस्यलाई दिने गरिएको उनी बताउँछन्।

सुरुमा १० पोकाबाट मेवाका बिरुवा उत्पादन गरिएको थियो। त्यसमा दुई सय ५० बिरुवा सहकारीबाट लगाइएको उनको भनाइ छ। एक पोका बिउलाई आठ हजार पाँच सय रूपैयाँ पर्ने उनी बताउँछन्। प्रत्येक पोकाबाट चार सय बिरुवा उत्पादन हुने गरेको उनीसँग अनुभव रहेको छ। मेवाको बिरुवा पाँचभन्दा बढी लैजानेलाई सय रूपैयाँका दरले र त्योभन्दा कम लैजानेलाई एक सय ५० का दरले बिक्री गर्ने गरिएको संस्थाका व्यवस्थापक चौधरीले बताए।

मेवाको फल र बिरुवा पनि राम्रौ बिक्री हुने गरेको उनी बताउँछन्। सहकारी संस्थामार्फत आम्दानी गर्न पाउँदा सबै सेयर सदस्य खुसी भएको उनी बताउँछन्। कुनै पनि आयआर्जन हुने काममा जोडिएपछि आम्दानी बढ्दै जाने उनको भनाइ छ। भोलिका दिन व्यवसाय अझ बढाउँदै लैजाने उनी बताउँछन्।


## धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

**प्रकाशित मिति : २०८२/०३/१८ गते**

यस रिलायन्स फाईनान्स लिमिटेडबाट कर्जा लिने देहाय बमोजिमको ऋणीले लिनु भएको ऋण कर्जा वापत फाईनान्सलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको रिलायन्स फाईनान्सको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई वित्तीय संस्थाको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा वित्तीय संस्थाको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी वित्तीय संस्थाको को लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले संस्थाको केन्द्रिय कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। ती शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै वित्तीय संस्था खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा वित्तीय संस्था आफैले सकार गर्दा समेत साविकमा वित्तीय संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा वित्तीय संस्था आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा फाईनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाईनान्स आफैले सकार गर्दा समेत वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून, नियम तथा फाईनान्सको कर्जा असुली निर्देशिका अनुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि कालोसूचीमा राखिनुको साथै ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**शिलबन्दी बोलपत्र आह्वान सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २:०० बजे संस्थाको केन्द्रिय कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ।**

**केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| १ **नाम : टेम्पलट्री ग्रुप प्रा.लि.**<br>ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २४ भेडासिंग<br>रजिष्टर्ड मिति : २०८१/०३/१७<br>रजिष्टर्ड नं.: ३३९९४२/८०/८१<br>पान नं. : ६२११७३९१०<br>**शिर्षक : रियलस्टेट कर्जा** | **टेम्पलट्री ग्रुप प्रा.लि.** को नाममा दर्ता रहेको मोरङ्ग जिल्ला, हात्तीमुढा वडा नं. ०४ स्थित कित्ता नं. १२९५ र १२९८ को क्रमशः क्षेत्रफल ६२०.०० र ३१६२.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। | **नाम : अमित कुमार टिवडेवाल**<br>ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४<br>बाजे : बाबुलाल टिवडेवाल<br>बुवा : आनन्द कुमार टिवडेवाल<br>**नाम : सनम लामा दोङ**<br>ठेगाना : काभ्रेपलान्चोक जिल्ला, तेमाल वडा नं. ०४<br>बाजे : छोडखेल लामा दोङ<br>बुवा : रकम सिं लामा |
| २ **नाम : मंगलम इम्पेक्स**<br>ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २४ भेडासिंग।<br>रजिष्टर्ड मिति : २०७५/१०/०३<br>रजिष्टर्ड नं.: १४५७९९/०७५/०७६<br>पान नं. : ३००९०९३०२<br>**शिर्षक : चालु पुँजी प्रयोजन कर्जा र क्यास क्रेडिट कर्जा** | **अमित कुमार टिवडेवाल**को नाममा दर्ता रहेको मोरङ्ग जिल्ला, हात्तीमुढा वडा नं. ०४ स्थित कित्ता नं. १२९६, ३०८, १३१३, १३१२ र १३०० को क्रमशः क्षेत्रफल १६.५०, ३६८.१५, ११०७.३१, ८८०.०० र ३८९.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। | **नाम : अमित कुमार टिवडेवाल**<br>ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २४<br>बाजे : बाबुलाल टिवडेवाल<br>बुवा : आनन्द कुमार टिवडेवाल<br>**नाम : सनम लामा दोङ**<br>ठेगाना : काभ्रेपलान्चोक जिल्ला, तेमाल वडा नं. ०४<br>बाजे : छोडखेल लामा दोङ<br>बुवा : रकम सिं लामा |

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा



## पाबसा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

काठमाडौं-8, चण्डोल, सम्पर्क :- ०१४५४१५१६, ०१४५४३६००

**गैह बैंकिङ्ग (अचल) सम्पति बिक्रीको लागि ३५ (पैतिस) दिने गोप्य सिलबन्दी बोलपत्र आह्वान गरेको सूचना**

(प्रकाशित मिति: २०८२/०३/१८)

यस संस्थाको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैह बैंकिङ्ग सम्पत्तिहरू (जग्गा, घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा इच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मूल्य तिरी लिने हो सो मूल्य खोली यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको कार्यालयमा बुझाउन सकिने छ। बोलपत्र फारम रु.१०००/- (फिर्ता नहुने गरी) नगद बुझाई संस्थाको कार्यालयबाट लिन सकिने छ। बोलपत्र पेश गर्दाको संस्थागत शर्तहरू संस्थाको सूचना पाटिमा टाँस गरिएको व्यहोरा जानकारी सहित सिलबन्दी बोलपत्र पेश गर्न हुन यसै सूचनाद्वारा आह्वान गरिएको छ। प्राप्त बोलपत्रहरू ३६औं दिन अर्थात २०८२ श्रावण २१ गते बुधबारका दिन उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पश्चात कार्यालय खुलेको दिन, दिनको २:०० बजे संस्थाको कार्यालय पाबसा बचत तथा ऋण सहकारी संस्था लि., का.म.न.पा.-४, चण्डोल, काठमाडौंमा खोलिने छ।

तपसिल

| सि.नं. | सम्पतिको विवरण |
|---|---|
| १. | भक्तपुर जिल्ला साविक कटुञ्जे-४ (हाल सुर्य विनायक नगरपालिका वडा नं. ५) को जग्गाहरू कि.नं. ५४४, ५४६, ५४३, ५४५ र ४२१ क्षेत्रफल क्रमशः ०-४-२-०, ०-६-०-०, ०-२-१-०, ०-३-०-० र ०-९-२-१ गरी जम्मा क्षेत्रफल १-९-१-० (एक रोपनी नौ आना एक पैसा) |
| २. | काठमाडौं महानगरपालिका वडा नं. ६ सिट नं. १०२१०२८०६, कि.नं. ५६२ क्षेत्रफल ९७.१८ वर्गमिटर र सोमा निर्मित ३२२.७५४४ वर्गमिटरको ३½ तल्ले पिलर सिष्टमको पक्की घर |
| ३. | काठमाडौं जिल्ला साविक नाङ्लेभारे ५ग (हाल शंकरापुर न.पा. वडा नं. १) को जग्गा कि.नं. ९५ क्षेत्रफल १-४-०-० (एक रोपनी चार आना) |
| ४. | काठमाडौं का.म.न.पा. वडा नं. ९, सिट नं. १०२११४७०४ कि.नं. १८० को क्षेत्रफल १२७.१८ (०-४-०-० (चार आना)) |
| ५. | काठमाडौं दहचोक साविक ६ग (चन्द्रागिरी न.पा. वडा नं. १) को कि.नं. ३९०, क्षेत्रफल ०-३-०-० (तीन आना) |
| ६. | काठमाडौं नाङ्लेभारे साविक ४ख कि.नं. ४३४ (हाल शंखरापुर न.पा. वडा नं. १) को क्षेत्रफल १-०-०० (एक रोपनी) |
| ७. | काठमाडौं नाङ्लेभारे साविक २ख कि.नं. ९३ (हाल शंखरापुर न.पा. वडा नं. १) को क्षेत्रफल ५५६.४३ ((१-१-२-० (एक रोपनी एक आना दुई पैसा)) |
| ८. | काठमाडौं थलिडाँछी साविक ६ख कि.नं. ९१० (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) को क्षेत्रफल १५८.९५ ((०-५-०-० (पाँच आना )) |



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १८ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय कमलामाईबाट तपशिलमा उल्लेखित ऋणीहरुले साना व्यक्तिगत आवाधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

| |
|---|
| **ऋणीको विवरण** |
| मान बहादुर चौलागाईको नाति कर्ण बहादुर चौलागाईको छोरा सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. १ बस्ने **केशव चौलागाई** (ना.प्र.नं. : २०-०१-६९-००१८६ जारी मिति र जिल्ला : २०६९/०६/१९, सिन्धुली) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) कुल बहादुर चौलागाईको नाति मान बहादुर चौलागाईको छोरा सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. १ बस्ने **कर्ण बहादुर चौलागाई** (ना.प्र.नं. : २९२८/३६०२ जारी मिति र जिल्ला : २०४२/०४/३१, सिन्धुली) |
| २) मान बहादुर चौलागाईको बुहारी कर्ण बहादुर चौलागाइको पत्नी सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. १ बस्ने **कालि माया खड्का** (ना.प्र.नं. : ६५१/३२१९ जारी मिति र जिल्ला : २०४४/१०/२७, सिन्धुली) |
| ३) कर्ण बहादुर चौलागाईको छोरी खड्ग बहादुर कट्टेलको बुहारी अर्जुन कट्टेलको पत्नी संखुवासभा जिल्ला धुपू वडा नं. ९ हाल, सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ६ बस्ने **सुनिता कट्टेल** (ना.प्र.नं. : १०१००२/५७२ जारी मिति र जिल्ला : २०६९/०९/२६, संखुवासभा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ